# आपतकालीन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम **"आपतकालीन बालउद्धार कोष (सञ्चालन) नियमावली** २०६७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :–

(क) "कोष " भन्नाले नियम ३ बमोजिमको **आपतकालीन बालउद्धार कोष** सम्झनु पर्छ ।

(ख) " आपतकालीन अवस्थामा रहेका बालबालिका " भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनु पर्छ :–

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको,
(२) हराएको वा वेवारिस अवस्थामा फेला परेको,
(३) ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रम बाट पीडित भएको,
(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएको,
(५) दूर्घटना भएको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,
(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसंग सम्बन्धित रहेको कारणले वेवारिसे भएको,
(७) यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसार परेको,
(८) हिंसाबाट प्रभावित भएको ,
(९) बाबुआमा वा संरक्षक बाट वन्चित भएको,
(१०) अपाङ्गता भएको,
(११) सुस्तमनस्थिति भएको,
(१२) अपहरण वा शरीर बन्धकमा परेको,
(१३) सडक बालबालिका,
(१४) एच.आई.भी. एड्स संक्रमित भएको,
(१५) समितिले तोकेको अन्य बालबालिका ।

(ग) "मन्त्रालय " भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्झनु पर्छ ।

(घ) "समिति " भन्नाले नियम ७ बमोजिमको कोष सञ्चालक समिति संझनु पर्छ ।

**३ कोषको स्थपनाः** (१) आपतकालमा परेका बालबालिकालाई तत्काल उद्धार, राहत र पुनःस्थापना गर्ने काम समेतको लागि **आपतकालीन बालउद्धार निवारण** कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,
(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,
(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**४. कोषमा रकम जम्मा गर्नेः** बालबालिकाको क्षेत्रमा नेपाल भित्र कार्यरत गैर सरकारी संस्थाले वार्षिक कूल खर्चको अन्तरराष्ट्रिय गैह्र सरकारी सस्थाहरुको परियोजना विश्लेषण तथा सहजिकरण सिफारिश समितिको सिफारिशमा मन्त्रालयले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

५. **कोषको उपयोग :** कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ :–

(क) आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,



MOWCSW

(ख) आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत दिन तथा पुनर्स्थापना गर्न,

(ग) समितिबाट स्विकृत कार्यक्रम सञ्चालन गर्न,

(घ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न,

(ङ) बालबालिकाको हक हित सम्बन्धमा समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

**<u>६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:</u>** (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको कुल खर्चको पाँच प्रतिशतसम्मको रकम समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि उपयोग गर्न सकिनेछ ।

**<u>७. समितिको गठन.</u>** (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

.(क) मन्त्रालयको सचिव -सदस्य

(ख) सहसचिव,कानून तथा न्याय मन्त्रालय -सदस्य

(ग) कार्यकारी निर्देशक, केन्द्रीय बाल कल्याण समिति -सदस्य

(घ) प्रहरी नायव महानिरीक्षक,महिला तथा बालबालिका निर्देशनालय, प्रहरी प्रधान कार्यालय -सदस्य

(ङ) बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुमध्ये समितिले ताकेको संस्थाबाट प्रतिनिधित्व हुने गरी एकजना महिलासहित दुई जना -सदस्य

(च) मन्त्रालयले तोकेको सहसचिव -सदस्य- सचिव

(३) उपनियम (२) को खण्ड ((ङ) बमोजिमको सदस्यको पदावधि दुई बर्षको हुनेछ ।

**<u>८. समितिको काम,कर्तव्य र अधिकार</u>**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्वन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका आपतकालिन अवस्थामा रहेको बालबालिका भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन गर्ने,

(ङ) आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिईने रकमकोक मापदण्ड बनाई लागू गर्ने,

(च) आपतकालिन अवस्थामा रहेका बालबालिका सम्वन्धि अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(छ) आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने,

(ज) आपतकालीन अवस्थामा रहेके बालबालिकालाई राहत दिने र पुनर्स्थापना गर्ने,

(झ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ञ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासंग समन्वय गर्ने,

(ट) समितिलाई तत्काल आवश्यक नपर्ने कोषमा रहेको रकम उपयुक्त ठाँउमा लगानी गर्ने,

(ठ) कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने,

(ड) **आपतकालीन अवस्थामा रहेका बालबालिका** सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

**<u>९. समितिको बैठक र निर्णय:</u>** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले ताकेको मिति,समय र स्थानमा बस्नेछ ।

MOWCSW

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा चौबीस घण्टा अगावै समितिको सदस्य - सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकतानुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय समितिको सदस्य- सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. कोषको प्रशासनिक खर्च**: समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त व्याज रकमको पाँच प्रतिशतभन्दा बढी हुने छैन ।

**११. खाताको सञ्चालन** : (१) कोषको रकम समितिले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन समितिको सदस्य- सचिव र मन्त्रधालयको आर्थिक प्रशासन शाखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१२. कोषको लेखा र लेखा परीक्षण:** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१३. रकम फ्रिज नहुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४. प्रतिवेदन पेश गर्ने :** (१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्न सक्नेछ ।

**१५. बैठक भत्ता** : समितिका अध्यक्ष र सदस्यले समितिको बैठकमा भाग लिए वापत अर्थ मन्त्रालयले ताके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**१६. कोषको सचिवालय** : कोषको सचिवालय मन्त्रालयमा रहनेछ ।

**१७. अभिलेख राख्ने :** समितिले आफूले गरेको काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**१८. निर्देशन दिन सक्ने** : (१) मन्त्रालयले समितिको काम कारवाहीको सम्वन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१९. अधिकार, प्रंत्यायोजन** : समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य वा नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२०. कोष खारेज हुन सक्ने :** (१) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा नेपाल सरकारले खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम नेपाल सरकारमा स्वतः हस्तान्तरण हुनेछ ।

MoWCSW